बैठक संख्याः ४४ मितिः २०८१/१०/१५ समयः दिउसो १२:०० बजे

आज मिति २०८१/१०/१५ गते गुराँस गाउँपालिकाको चौवालीसौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो ।

तपसिल

१. श्री टोप बहादुर बि.सी. - गाउँपालिका अध्यक्ष
२. श्री शिवा कुमारी खड्का - गाउँपालिका उपाध्यक्ष
३. श्री धर्म बहादुर रावल - वडा अध्यक्ष, वडा नं. १
४. श्री शेर बहादुर रावल - वडा अध्यक्ष, वडा नं. २
५. श्री काँशिराम शर्मा - वडा अध्यक्ष, वडा नं. ३
६. श्री खड्क बहादुर शाही - वडा अध्यक्ष, वडा नं. ४
७. श्री भुपेन्द्र बहादुर चन्द - वडा अध्यक्ष, वडा नं. ५
८. श्री चन्द्र बहादुर राना - वडा अध्यक्ष, वडा नं. ६
९. श्री नन्द बहादुर बि.सी. - वडा अध्यक्ष, वडा नं. ७
१०. श्री दीपेन्द्र वली - वडा अध्यक्ष, वडा नं. ८
११. श्री अमृता कुमारी वि.सी. - सदस्य
१२. श्री विर्मा वि.क. - सदस्य
१३. श्री कुल बिर वि.क. - सदस्य
१४. श्री सम्झना कुमारी बुढा - सदस्य
१५. श्री पम्फी वि.क. - सदस्य
१६. श्री भुमिसरा वली - सदस्य
१७. श्री दिल बहादुर पौडेल - सचिव, प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारी

१. शाखा अधिकृत सातौं श्री मदन प्रकाश मल्ल
२. वरिष्ठ प्रशासन सहायक पाँचौं नगेन्द्रपाल थापा

प्रस्तावहरु:

१. गाउँ सभा र अघिल्ला बैठकको समिक्षा सम्बन्धमा ।

२. महालेखाको प्रारम्भिक प्रतिवेदन माथिको छलफल सम्बन्धमा ।

३. आ.व. २०८२/०८३ को बजेट तर्जुमा सम्बन्धमा ।

४. जिल्ला स्तरीय गुरुयोजनाका लागि योजनाहरु छनौट सम्बन्धमा ।

५. कार्यविधि र निर्देशिका पारित गर्ने सम्बन्धमा ।

६. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गतको बजेट विनियोजन सम्बन्धमा ।

७. CMC Nepal र पोषणको बजेट स्वीकृत गर्ने सम्बन्धमा ।

८. कर्मचारीको स्तरवृद्धि सम्बन्धमा ।

९. घर घरमा धारा गुराँसको अभिभारा कार्यक्रम अन्तर्गतका योजना छनौट सम्बन्धमा ।

१०. नेपाल टेलिकम सँगको सहकार्य सम्बन्धमा ।

११. विविध

क) ठेक्का म्याद थप सम्बन्धमा ।

ख) नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवाको राजश्व संकलन सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

<u>निर्णय नं. १)</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको गाउँ सभाको १५ औं अधिवेशन समग्रमा सफलतापूर्वक सम्पन्न भएको समिक्षा गरियो र सभा बैठकको शुन्य समयमा बोल्ने गाउँ सभा सदस्यज्यूहरुले दिएका सुझावहरुलाई नीति, कार्यक्रम तथा बजेट मार्फत कार्यान्वयन गर्ने गरी ग्रहण गर्ने र पारित भएका ऐन, कार्यविधि लगायतका कानूनहरु तोकिएको प्रक्रिया पुरा गरि राजपत्र प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै कार्यपालिकाको ४२ औं र ४३ औं बैठकका अधिकांश निर्णयहरु कार्यान्वयन नभएको पाइएकाले माघ मसान्त सम्म कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. २)</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन बैठकलाई जानकारी गराइयो । प्रतिवेदनमा औंल्याइएका बेरुजु रकम, सुझाव तोकिएको समयमा फछ्र्यौट

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बि.सी.
अध्यक्ष

गर्न/कार्यान्वयन गर्नका लागि सम्बन्धित व्यक्ति, संस्थाहरुलाई ५ (पाँच) दिन भित्र ताकेता गर्ने र आवश्यक कागजात पेश गरि तोकिएको समय भित्र समपरीक्षण गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ३)

प्रस्तात्र नं. ३ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा योजना तर्जुमा गर्न स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिमका ७ (सात) चरणका प्रक्रिया थालनी गर्ने निर्णय गरियो । साथै साथै राजश्व प्रक्षेपण र प्रतिवेदन समेत हालसम्म प्राप्त नभएको हुँदा यथासिघ्र पेश गर्न राजश्व परामर्श समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४)

प्रस्ताव नं. ४ माथि छलफल गर्दा दैलेख जिल्लाको जिल्लास्तरिय गुरुयोजनामामा गुराँस गाउँपालिका अन्तर्गतका योजनाहरु बढि भन्दा बढि योजनाहरु समावेश गर्न अनुरोध गर्ने र गुरुयोजनामा समावेश गरिने योजनाहरु वडा अध्यक्ष ज्यूहरुसँगको समन्वयमा छनौट गरि पालिका अध्यक्ष ज्यूलाई पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ५)

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गुराँस कृषि अनुसन्धान तथा उत्पादन केन्द्र संचालन र व्यवस्थापन कार्यविधि, २०७९ (संशोधन) लाई पारित गर्ने निर्णय गरियो । साथै गा.पा. को लगानीमा संचालित कृषि विकास तथा अनुसन्धान केन्द्र संचालनका लागि संघ संस्था वा व्यक्ति बाट साझेदारी प्रस्ताव माग (आह्वान) गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ६)

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा लागू भएको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गतका देहायका योजनाहरुमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को परिच्छेद-४ को दफा ११ बमोजिम तोकिएको मापदण्ड र प्रक्रियाका आधारमा "स्थानीय पूर्वाधार सहयोग कार्यक्रम साझेदारी (अनुसूचि बमोजिमका योजनाहरु)" शिर्षकमा विनियोजित रु. ३ करोड ६० लाख मध्येबाट देहाय बमोजिम सहलगानी गर्ने निर्णय गरियो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

दीप बहादुर बि.सी.
अध्यक्ष

तपसिल

| गुराँस गाउँपालिका र LISP अन्तरगत साझेदारी कार्यक्रमको लागि विनियोजित बजेट तथा कार्यक्रम | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | वडा नं. | प्रस्तावित रकम (रु.लाख) | गा.पा.को सह लगानी (रु.लाख) | LISP को सह लगानी (रु.लाख) |
| १ | दोबाटा पातिकाल्ना सडक स्तरोन्नती | ३ र ४ | ६३.०० | २८.०० | ३५.०० |
| २ | राउटे गल्छिना देखि वडा कार्यालय सम्म सडक स्तरोन्नती | ५ | ३६.०८ | १६.०० | २०.०८ |
| ३ | भ्युचुला पुलिया सडक स्तरोन्नती | ६ | ४५.०० | २०.०० | २५.०० |
| ४ | धुम्ने विसाउ छउडे काँडा सडक स्तरोन्नती | ७ | ३६.०० | १६.०० | २०.०० |
| ५ | गौरव मार्ग अन्तरगत नाला निर्माण | ८ | २६.०० | ११.०० | १५.०० |
| ६ | तल्लो डुङ्गेश्वर खानेपानी योजना | २ | ३०.०० | १५.०० | १५.०० |
| ७ | जमाढाक्न हुदै बाङ्गा सिचाई कुलो निर्माण योजना | ६ | २२.०० | १०.०० | १२.०० |
| ८ | कालिका मा.वि. भवन निर्माण | ८ | २१.०० | ९.०० | १२.०० |
| ९ | गा.पा. परिसर गेट, घेरवार तथा सुरक्षा वाल योजना | ४ | ३७.०० | १२.०० | २५.०० |
| | जम्मा | | ३१६.०८ | १३७.०० | १७९.०८ |

निर्णय नं. ७)

प्रस्ताव नं. ७ माथि छलफल गर्दा "सुन्दर छ जीवन कार्यक्रम- सि.एम.सि. साझेदारी" शिर्षकमा विनियोजित रकम रु. ८ लाख र बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गतको ब्रेकडाउन गरि पेश हुन आएको बजेट समेतको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८)

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा कार्यरत शाखा अधिकृत सातौं श्री भुपेन्द्र भण्डारी (कर्मचारी संकेत नं. १७६६६२) लाई प्रमुख शिक्षा अधिकृत, अधिकृतस्तर आठौं तहमा स्तरवृद्धि गर्ने कार्यालयको मिति २०८१/१०/०४ गतेको निर्णयलाई कर्णाली प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा १५ बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

टोप बहादुर वि.सी.
अध्यक्ष

निर्णय नं. ९)

प्रस्ताव नं. ९ माथि छलफल गर्दा हेल्भटास नेपालसँगको साझेदारीमा आगामी वर्ष २०८२/०८३ का लागि घर घरमा धारा गुराँसको अभिभारा कार्यक्रम अन्तर्गत संचालन हुने योजनाहरुमा यस अघिका योजनाहरुलाई निरन्तरता दिने र अब हुने योजनाहरुमा वडा नं. ३ र ५ लाई प्राथमिकता दिई कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. १०)

प्रस्ताव नं. १० माथि छलफल गर्दा गुराँस गाउँपालिकालाई डिजिटल पालिका घोषणा गर्ने गाउँ सभाको १५ औं अधिवेशनको निर्णय बमोजिम गाउँपालिकाभर आवश्यक पर्ने टेलिफोन सेवा, मोबाइल सेवा, इन्टरनेट सेवा लगायत आवश्यक प्राविधिक सहयोगका लागि नेपाल टेलिकम सँग आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११)

प्रस्ताव नं. ११ माथि छलफल गर्दा,

**विविध (क)** श्री रामचन्द्र निर्माण सेवा, भगवतीमाई-१, दैलेखसँग सम्झौता भएको ठेक्का नं. GRM/WORKS/NCB/05/080/081, Upgrading of Bhyuchula Puliya Road (Pckg 2), Gurans -06, Dailekh र शुभलक्ष्मी निर्माण सेवा, वीरेन्द्रनगर-०४, सुर्खेतसँग सम्झौता भएको GRM/WORKS/NCB/01/080/081, Upgrading of Bhyuchula, Bagaura, Puliya Road, Gurans -06, Dailekh को ठेक्का म्याद प्राविधिक शाखाको राय अनुसार मिति २०८१ माघ मसान्त सम्म गर्ने निर्णय गरियो ।

**विविध (ख)** नदिजन्य पदार्थको उत्खनन् तथा विक्री वितरणको लागि यस गुराँस गाउँपालिकाबाट जारी भएको टेन्डर सूचनाको आधारमा कुनै पनि व्यावसायिक फार्महरुबाट टेन्डर आवेदन प्राप्त नभएको हुँदा लोहोरे खोला तल्लो डुङ्गेश्वर कर्णाली नदि, पराजुली खोला, गर्चे खोला, झुप्र खोला लगायतका ठाउँहरुबाट नदिजन्य पदार्थको उत्खन्न तथा बिक्रि बितरण गाउँपालिकाले कर्मचारी खटाई प्रचलित कानून बमोजिम राजश्व संकलन गर्ने भनि निर्णय मिति २०८१/०९/१७ गतेको कार्यपालिकाबाट निर्णय भए बमोजिम तत्काल कर्मचारी खटाई नदिजन्य पदार्थ बिक्रि बितरण गर्न कर्मचारी अभावका कारण संभव नभएको हुँदा स्थानीय बजार व्यवस्थापन समिति वा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी नियमानुसार बिक्रि बितरण गरी राजश्व संकलन गर्ने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत